"Access to All"

# गरिमा विकास बैंक लिमिटेड
## Garima Bikas Bank Limited

नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था

**प्रधान कार्यालय** : लाजिम्पाट, काठमाण्डौं, **फोन** : ०१-४४४५४२४/२५/२६
**ईमेल** : info@garimabank.com.np, **वेबसाइट** : www.garimabank.com.np

# पन्ध्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०७८ फागुन २६ गते बिहीबार)**

यस गरिमा विकास बैंक लिमिटेडको मिति २०७८ फागुन २५ गते दिनको ४:०० बजे बसेको सञ्चालक समितिको २७२ औं बैठकको निर्णय अनुसार कम्पनीको पन्ध्रौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयहरुमा छलफल गर्न बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा बस्ने मिति, समय र स्थान :**

| | |
|---|---|
| **मिति** | : २०७८ चैत्र १८ गते शुक्रवार (तद्नुसार अप्रिल १, २०२२) |
| **समय** | : बिहान १०:३० बजे |
| **स्थान** | : होटल पोखरा ग्राण्ड, बिरौटा, पोखरा, कास्की |

**(क) सामान्य प्रस्तावहरु**

(१) अध्यक्षज्यू को मन्तव्य सहित सञ्चालक समितिको आर्थिक वर्ष २०७७/७८ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको गरिमा विकास बैंक लिमिटेड तथा साविक सहारा विकास बैंक लिमिटेडको २०७८ आषाढ मसान्तको वासलात तथा आर्थिक वर्ष २०७७/७८ को नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण तथा सो सँग सम्बन्धित अनुसूचीहरु सहितको वित्तीय विवरण पारित गर्ने ।

(३) लेखापरीक्षण समितिको सिफारिश बमोजिम गरिमा विकास बैंक लिमिटेडको आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण गर्न तथा साविक सहारा विकास बैंक लिमिटेडको मिति २०७८/०७/२७ गते सम्मको वित्तीय विवरण प्रमाणित गर्नका लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने ।

**(ख) विशेष प्रस्तावहरु**

(१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम साविक सहारा विकास बैंक लिमिटेडलाई प्राप्ति गरे पश्चात हाल कायम चुक्ता पुंजी रु.३,९४,८१,८३,१०५।०८ (अक्षरेपी तीन अर्व चौरानब्बे करोड एकासी लाख त्रियासी हजार एक सय पाँच रुपैयाँ र पैसा आठ मात्र) को १६ प्रतिशतले हुन आउने रकम रु.६३,१७,०९,२९६।८१ (अक्षरेपी त्रिसठ्ठी करोड सत्र लाख नौ हजार दुई सय छयानब्बे रुपैयाँ र पैसा एकासी मात्र) बराबरको बोनस शेयर वितरण गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने । साथै, बोनस शेयर जारी गर्दा दशमलव पछिको शेयर (Fraction Share) अंकलाई पछि समायोजन गर्ने गरी यथावत राख्ने । (गरिमा विकास बैंक लिमिटेडमा साविक सहारा विकास बैंक लिमिटेड प्राप्ति भई एकीकृत कारोबार गरिएको सन्दर्भमा प्रस्तावित लाभांशमा तिर्नु पर्ने कर मिति २०७८ कार्तिक २८ गते कायम शेयरधनीहरुको हकमा छुट पाउने भएकाले सो मिति भन्दा पछाडी दोस्रो बजारबाट शेयर खरिद बिक्री भई कायम शेयरधनीहरुले प्रस्तावित लाभांश बापत नियमानुसार तिर्नु बुझाउनु पर्ने लाभांश कर नगदै भुक्तान गर्नु पर्नेछ ।)

(२) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ मा रहेको व्यवस्था बमोजिम विकास बैंकको चुक्ता पुँजीको कम्तिमा ५१ प्रतिशत शेयर स्वामित्व संस्थापक समूहका शेयरधनीहरुको हुनुपर्नेमा गरिमा विकास बैंक लिमिटेडमा साविक सहारा विकास बैंक लिमिटेड प्राप्ति भई शेयर अभिलेखन हुँदा संस्थापक शेयरधनीहरुको स्वामित्व ५१ प्रतिशत कायम नहुने अवस्था सिर्जना भएकोले नेपाल राष्ट्र बैंक लगायतका नियामक निकायको स्वीकृति प्राप्त गरी विकास बैंकले प्रस्ताव गरेको बोनश शेयर वितरण पश्चात कायम हुने कूल चुक्ता पुँजीको ५१ प्रतिशत संस्थापक शेयर कायम हुने गरी अपुग १०९,८११ कित्ता संस्थापक शेयर निष्काशन गर्ने प्रस्ताव पारित गर्ने ।

(३) विशेष प्रस्ताव नं. (१) र (२) पारित भए बमोजिम हुने गरी विकास बैंकको प्रवन्धपत्रमा आवश्यक संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

(४) गरिमा विकास बैंक लिमिटेड र अन्य ईजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्था (हरु) एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा गरिमा विकास बैंक लिमिटेडले अन्य बैंक तथा वित्तीय संस्था(हरु) प्राप्ति गर्ने (Acquisition) सम्बन्धमा उपयुक्त बैंक तथा वित्तीय संस्था(हरु) खोजी गर्न, उपयुक्त लागेको बैंक तथा वित्तीय संस्था संग मर्जर तथा एक्विजिसन सम्बन्धी सहमतिपत्र (Memorandum of Understanding) तयार गरी हस्ताक्षर गर्न, सम्पूर्ण चल अचल सम्पत्ति तथा दायित्व मूल्यांकन (Due Diligence Audit) गर्ने मूल्यांकनकर्ता लेखापरीक्षक नियुक्त गर्न, निजको पारिश्रमिक तोक्न र निजबाट बैंकको सम्पूर्ण चल अचल सम्पत्ति तथा दायित्व मूल्यांकन (Due Diligence Audit) गराउने, तथा गाभ्ने/गाभिने (Merger) वा प्राप्ति गर्ने (Acquisition) सम्बन्धमा नियमनकारी निकायहरुसँग सहमति लिने, गाभ्ने/गाभिने (Merger) वा प्राप्ति गर्ने (Acquisition) सम्बन्धी कार्यको लागि प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्नुपर्ने भएमा सो समेत गर्ने लगायतका सम्पूर्ण प्रकृया अवलम्बन गरी एक आपसमा गाभ्ने/गाभिने (Merger) वा प्राप्ति गर्ने (Acquisition) सम्बन्धी सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

(५) विकास बैंकको प्रवन्धपत्रमा भएका संशोधनको स्वीकृति लिने क्रममा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतका नियमनकारी निकायबाट फेरबदल, परिमार्जन, थपघट तथा संशोधन गर्नको लागि निर्देशन प्राप्त भएमा सो कार्य गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

**(ग) विविध**

## साधारण सभा सम्बन्धी अन्य जानकारी :

१. पन्ध्रौं वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०७८ चैत्र ४ देखि २०७८ चैत्र १८ गते सम्म यस विकास बैंकको शेयरधनी दर्ता किताब बन्द (Book Close) रहनेछ । मिति २०७८ चैत्र २ गते सम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा कारोबार भई सि.डि.एस. एण्ड क्लियरिङ्ग लिमिटेडबाट राफसाफ भएको र प्रचलित नियमानुसार शेयरधनी दर्ता किताबमा कायम रहेका शेयरधनीहरु सो सभामा भाग लिन तथा लाभांश प्राप्त गर्नको लागि योग्य हुनेछन् ।

२. शेयरधनी महानुभावहरुले आर्थिक वर्ष २०७७/७८ को वार्षिक प्रतिवेदन पुस्तिका यस विकास बैंकको केन्द्रीय कार्यालय लाजिम्पाट काठमाण्डौ, सभागृहचोक पोखरा कास्की स्थित विकास बैंकको पोखरा क्लस्टर कार्यालय वा शेयर रजिष्ट्रार एनआईविएल एस क्यापिटल लिमिटेड लाजिम्पाटबाट प्राप्त गर्न सक्नुहुनेछ । उक्त प्रतिवेदन विकास बैंकको वेभसाईट www.garimabank.com.np मा हेर्न र डाउनलोड गर्न समेत सकिनेछ ।

३. सभामा उपस्थित हुने सम्पूर्ण शेयरधनीहरुले शेयर प्रमाण-पत्र वा डि-म्याट खाताको विवरण र आफ्नो परिचय खुल्ने प्रमाण (जस्तैः नागरिकता, मतदाता परिचय पत्र, वा अन्य कुनै परिचय-पत्र) अनिवार्य रुपमा साथमा लिई आउनुहुन अनुरोध छ । साथै विकास बैंकको पन्ध्रौं वार्षिक साधारण सभामा शेयरधनी महानुभावहरुले जुम मिटिङ (Zoom Meetting) प्रविधि मार्फत समेत अवलोकन गर्न सकिने व्यवस्था मिलाइएको छ । यसको लागि विकास बैंकले शेयरधनी महानुभावहरुलाई शेयर रजिष्ट्रार मार्फत प्राप्त हुने अभिलेखमा उल्लेखित मोबाइल नम्बरमा मिटिङ आईडी र पासकोड सम्बन्धी जानकारी उपलब्ध गराइनेछ । कोभिड-१९ को जोखिमलाई मध्यनजर गर्दे सभामा भौतिक रुपमा उपस्थित हुनुहुने शेयरधनी महानुभावहरुलाई मास्क लगाउने लगायतको प्रचलित सुरक्षा मापदण्डहरुको पालना गर्नुहुनका लागी अनुरोध गरिन्छ ।

४. सभामा भाग लिन वा मतदान गर्नका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न वा प्रोक्सी बदर गरी नयाँ प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न अर्को प्रोक्सी दिन चाहने शेयरधनीहरुले सो सम्बन्धी निवेदन (प्रोक्सी फारम) भरी काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका वार्ड नं. २ लाजिम्पाट स्थित विकास बैंकको केन्द्रीय कार्यालय वा कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं.-८ सभागृहचोक स्थित विकास बैंकको पोखरा क्लष्टर कार्यालयमा सभा शुरुहुनु भन्दा कम्तिमा ४८ घण्टा अगाडि अर्थात मिति २०७८ चैत्र १६ गते बिहान १०:३० बजे भित्र दर्ता गरी सक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्दा विकास बैंकको शेयरधनीलाई मात्र नियुक्त गर्न सकिनेछ । विकास बैंकको शेयरधनी बाहेक अन्य व्यक्तिलाई प्रोक्सी दिन र एकभन्दा बढी व्यक्तिलाई आफ्नो शेयर विभाजन गरी तथा अन्य कुनै किसिमबाट छुट्याई प्रोक्सी दिन पाइने छैन्, यसरी दिएको प्रोक्सी बदर हुनेछ । प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसक्नु भएको शेयरधनी स्वयं सभामा उपस्थित भई हाजिरी किताबमा दस्तखत गर्नु भएमा उक्त प्रोक्सी स्वतः बदर हुनेछ ।

५. नावालक वा मानसिक सन्तुलन ठीक नभएका शेयरधनीहरुको सन्दर्भमा शेयरधनी दर्ता किताबमा संरक्षकको रुपमा नाम लेखिएको व्यक्तिले मात्र संरक्षकको हैसियतले सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधी नियुक्त गर्न र मतदान गर्न सक्नु हुनेछ ।

६. संयुक्त रुपमा शेयर खरिद गर्ने शेयरधनीको हकमा शेयरधनी दर्ता किताबमा जसको नाम पहिले उल्लेख गरिएको छ, सो व्यक्ति वा संयुक्त शेयरधनीहरुको सर्वसम्मतिबाट आफुहरु मध्ये नियुक्त व्यक्तिले मात्र सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्त गर्न र मतदान गर्न सक्नुहुनेछ ।

७. शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभा स्थलमा साधारण सभा सम्पन्न हुने दिन विहान ९:३० बजे देखि नै खुल्ला गरिनेछ । साधारण सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ ।

८. विविध शिर्षक अन्तर्गत कुनै विषयमा छलफल गर्न आवश्यक ठानेमा शेयरधनी महानुभावहरुले आफुले प्रस्तुत गर्न चाहेको विषय बारे सभा हुनु भन्दा ७ दिन अगावै अर्थात मिति २०७८ चैत्र ११ गते कार्यालय समय भित्र विकास बैंकको केन्द्रीय कार्यालय, लाजिम्पाट, काठमाण्डौमा लिखित रुपमा जानकारी दिनु पर्नेछ । यसरी लिखित रुपमा पूर्व जानकारी नगराएको विषयमा सभामा छलफल तथा निर्णय गरिने छैन ।

९. साधारण सभा सम्बन्धमा थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र विकास बैंकको केन्द्रीय कार्यालय, लाजिम्पाट, काठमाण्डौमा सम्पर्क राख्न समेत अनुरोध गरिन्छ ।

**सञ्चालक समितिको आज्ञाले,**
**माधवप्रसाद उपाध्याय**
**(कम्पनी सचिव)**